**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १८ गते**

लकडाउनको अवधिमा व्यवसायीहरु मारमा परेको भन्दै सुर्खेत उधोग वाणिज्य संघले अर्थ मन्त्रालयलाई आठ बुदे मागपत्र बुझाएको छ । प्रमुख जिल्ला अधिकारी मार्फत मागपत्र बुझाउँदै संघले लकडाउन अवधिमा राज्य उठाउने कर तथा शुल्कहरु छुट गर्न माग गरेको छ ।
साथै संघले यो अवधिमा बन्द रहेका उद्योग प्रतिष्ठानहरुलाई नगद अनुदान तथा लकडाउनको अवस्थासम्मको लागि श्रमिक, कर्मचारीको तलब भुक्तानीका लागि पचास प्रतिशत आर्थिक अनुदान दिन सरकारसंग माग समेत गरेको छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** बारेकोट गाउँपालिका-४ को क्वारेन्टाइनमा बसेका व्यक्तिले विश्वस्वास्थ्य संगठनको मापदण्ड अनुसारको सुविधा माग गरेपछि जनप्रतिनिधि समस्यामा परेका छन् ।
क्वारेन्टाइनमा बसेका सबैले इन्टरनेट, टिभी र पौष्टिक आहारयुक्त खाना माग गरेपछि वडाध्यक्ष सिर्जना बस्नेतले ५४ जना स्थानीयवासी रहेको क्वारेन्टाइन व्यवस्थापन गर्न गाह्रो भएको बताउनुभयो । भौगोलिक विकटता, तोकिएका सामग्री नपाउँदा व्यवस्थापनमा समस्या भएको अध्यक्ष बस्नेतको भनाई छ ।
यस्तै लकडाउनका कारण परीक्षा स्थगित भएर घरमै बसिरहेका माध्यामिक शिक्षा परीक्षा (एसइई) दिने १० कक्षाका विद्यार्थीहरुलाई सहयोग गर्न जाजरकोटको भेरी नगरपालिकाले वैशाख १६ गतेदेखि रेडियोबाट ट्युसन पढाउन शुरु गरेको छ ।
खलंगा एफएम र जाजरकोट एफएमबाट प्रत्येक दिन अंग्रेजी, गणित र विज्ञान विषयको रेडियो ट्युसन कक्षा सञ्चालन गरिएको नगरप्रमुख चन्द्रप्रकाश घर्तीले बताउनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** आठविसकोट नगरपालिका अन्तर्गत पर्ने स्यालाखदीमा लकडाउन भएको लामो समयसम्म पनि राहत वितरण नहुँदा अति विपन्न परिवार समस्यामा परेका छन् ।
सडक सुविधा नहुँदा खाद्यान्न सामाग्री ढुवानी गर्न कठिनाई भएपछि आठविसकोट नगरपालिका १, २ र ३ नम्बर वडामा विपन्न परिवारलाई राहत वितरण हुन नसकेको वडा नम्बर ३ का अध्यक्ष केशरमान विकले बताउनुभयो । सडकको पहुँच रहेका वडाहरुमा भने यसअघि नै राहत वितरण भैसकेको छ ।
जिल्लाकै विकट मानिएका यी तीनवटा वडाका एक सय ६ विपन्न परिवार राहत वितरणका लागि छनोटमा परेका छन् । वडा नम्बर १ मा ३१ परिवार, वडा नम्बर २ मा ३५ परिवार र वडा नम्बर ३ मा ४० परिवार छनोटमा परेको नगरपालिकाले जनाएको छ । स्यालाखदीमा गहुँबाली पनि ढिलो पाक्ने हुनाले झन समस्या भएको विपन्न परिवारको भनाई छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** छत्रेश्वरी गाउँपालिकाले क्वारेन्टाइनमा बसेकाहरु मध्ये ५९ जनालाई डिस्चार्ज गरेको छ ।
आरडिटि परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएपछि वडा नम्बर ६ स्थित भोटेचौर केन्द्रमा बस्दै आएका ५९ जनालाई विदा गरिएको गाउँपालिका अध्यक्ष सन्तोष केसीले बताउनुभयो । गाउँपालिकाको सातै वटा केन्द्रमा निर्माण गरेका क्वारेन्टाइनमा २ सय ७५ जना बस्दै आएका थिए । बाँकीलाई पनि परिक्षण गरेर घर पठाइने अध्यक्ष केसीको भनाई छ ।

यस्तै दार्मा गाउँपालिकाले लकडाउनका कारण लक्षित समुदाय वैंकसम्म जान नसक्ने भएको भन्दै घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । ज्येष्ठ, एकल, अपाङ्गता, दलित र बालपोषण भत्ता लिने एक हजार ६ सय २७ जनालाई घरमै सेवा दिइएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत अमृत खड्काले बताउनुभयो ।
यसैगरी लकडाउनका कारण नियमित खोपबाट बञ्चित एक वर्ष मुनिका बालबालिकालाई नियमित खोप लगाउन सुरु गरिएको छ । एक वर्ष सम्मका बालबालिकालाई मासिक रुपमा नियमित ११ वटा खोप लगाउनु पर्नेमा लकडाउनले गर्दा खोप समय तालिका सरेको थियो ।
स्वास्थ्य सेवा कार्यालय सल्यानका खोप अधिकृत दशरथ श्रेष्ठले जिल्लाभर एक वर्ष मुनिका पाँच हजार आठ सय बालबालिकाले खोप सेवा लिइरहेको बताउनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** लकडाउनका कारण अन्तर प्रदेश आवागमन अनुमति नभएको भन्दै बबइमा रोकिएका दैलेखी नागरिकहरु दुई दिनदेखि अलपत्र परेका छन् ।
भगवतीमाई गाउँपालिका, नौमूले गाउँपालिका, महाबु गाउँपालिका र नारायण नगरपालिकाका ४५ जना अलपत्र परेको नारायण नगरपालिका-११ बिन्ध्यवासिनीका बीरबल सुनारले जानकारी दिनुभयो ।
कर्णाली प्रदेशसभाका सदस्य अम्मरबहादुर थापाले स्थानीय तहहरुले यातायात खर्च व्यहोर्ने गरी सुर्खेतबाट एउटा बस पठाउन वैशाख १७ गतेदेखि नै प्रयास गर्दा स्थानीय तहहरुको बेवास्ताको कारण सम्भव नभएको जिकिर गर्नुभयो ।
सबैजसो दलित र पहुँच विहीनहरु भएको कारण आफूहरुको उद्धार नभएको नौमूले गाउँपालिका-८ का रोशन बिकको भनाई छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा कोरोना परीक्षणका लागि पिसिआर उपकरण आइपुगेको छ । मेसिन जडान भइसकेको तर आवश्यक किट नहुँदा प्रयोगमा आउन नसकेको अस्पताल निर्देशक डाक्टर मंगल रावलले बताउनुभयो ।
'आगामी शुक्रबारसम्म काठमाडौंमा आइपुग्ने जानकारी पाएका छौं, आउने वित्तिकै परीक्षण कार्य सुचारु हुने छ' डा. रावलले भन्नुभयो । उहाँका अनुसार किट सरकारसँग माग गरिएको छ । एक पटकमा ९६ जनाको स्वाब परीक्षण गर्न सक्ने उक्त उपकरण वैशाख २१ गतेबाट सञ्चालन हुने बताइएको छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** कर्णाली प्रदेश सरकारले वैशाख १४ गते सुर्खेतबाट मुगुको सदरमुकाम गमगढी सम्म उद्धार गरेका हुम्लावासीले पाँच दिनको अवधीमा एक छाक मात्र भात खान पाएको गुनासो गरेका छन ।
ठाँउ ठाँउमा सडक अवरुद्ध हुँदा तीन दिन सम्म बाटोमै बस्नु परेकोले ल्याएका चाउचाउ र बिस्कुट समेत सकिएपछि पानीको भरमा तिन दिन कटाएको चंखेली गाँउपालिका–४ का धिरबहादुर शाहीले बताउनु भयो ।
चंखेली, अदानचुली, खार्पुनाथ र सर्केगाड गाँउपालिकाका तीन सय ५३ जनालाई बाटोमा रहेका होटलले खान र पसलले चाउचाउ बेच्न पनि अफ्ठेरो मानेका थिए । जुम्लाको गोठी ज्युलामा त्यहाँका युवाले भात पकाएर खुवाएको प्रदेश सरकारबाट उद्धारको नेतृत्व पाएका चंखेली गाँउपालिका–२ का जनक बुढाको भनाई छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** चीनको स्वशासित क्षेत्र तिब्बत सिमासंग जोडिएको छार्कातांङसोङ गाउँपालिकामा भारतबाट आएका १२ जनाको आरडिटी परिक्षण गरिएको छ ।
अध्यनको सिलसिलामा भारतमा रहेका ८ पुरुष र ४ महिलामा परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको स्वास्थ्य सेवा कार्यालयका डाक्टर सिजा रावलले बताउनुभयो ।
उपल्लो डोल्पामा भारतबाट आएका नागरिकको आरडिटी परीक्षणको लागि स्वास्थ्यकर्मी पठाउन इन्सेकले पहल गरेको थियो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** सर्केगाड गाउँपालिकाले काठमाडौं, नेपालगञ्ज, सुर्खेत लगायत विभिन्न ठाउँमा अलपत्र परेका सबै नागरिकलाई राहत स्वरुप प्रतिव्यक्ति दुई हजार रुपियाँ सहयोग गर्ने भएको छ । अलपत्र नागरिकलाई सहयोग पुगोस भन्ने उद्देश्यले गाउँ कार्यपालिकाले वैशाख १७ गते निर्णय गरेको सर्केगार्ड गाउँपालिकाका अध्यक्ष कृष्ण रोकायाले बताउनुभयो । उहाँका अनुसार अलपत्र पर्नेमा अधिकांस विद्यार्थीहरु छन ।
यस्तै सुर्खेतबाट हुम्ला आउँदै गरेकाहरुलाई मुगुका पत्रकारहरुले खाजा खुवाउनु भएको छ । कर्णाली सरकारले उद्धार गरेर हुम्ला ल्याउन थालेका व्यक्तिहरुलाई मुगुमा नेपाल पत्रकार महासंघ जिल्ला शाखाका अध्यक्ष निपेन्द्रबहादुर मल्लले राहतस्वरुप खाजाको व्यवस्था गर्नु भएको हो ।
अध्यक्ष मल्लले सात वटा गाडीमा उद्धार गरि ल्याइएका तीन सय ९ जनालाई प्रति व्यक्ति एउटा चाउचाउ, एउटा बिस्कुट र एक बोतल पानी सहयोग गर्नु भएको हो । गमगढीमा खाना पकाएर खुवाउने योजना रहेको भएपनि स्थानीय प्रशासननले ठूलो भिडभाड नगर्न भनेपछी रोकिएको अध्यक्ष मल्लको भनाई छ ।
यसैगरी लकडाउनले अलपत्र परेका विद्यार्थीको उद्धारका लागि हुम्लाको चंखेली गाउँपालिका- ५ घर भई हाल खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाँके जिल्लामा कार्यरत ओभरसियर धीरज तामाङले एक लाख ५० हजार रुपैया सहयोग गर्नु भएको छ । काठमाडौं, वुटवल लगायतका सहरबाट नेपालगञ्ज पुगेर अलपत्र परेका हुम्लाका विद्यार्थीलाई खाना तथा यातायात खर्चका लागि वैशाख १७ गते उक्त रकम सहयोग गर्नु भएको हो ।
यस्तै खार्पुनाथ गाउँपालिका-१ लाली र ३ रायामा साबुन वितरण गरिएको छ । खार्पुनाथ गाउँ पालिकाको आर्थिक सहयोगमा वैशाख १७ गते लाली गाउँका ३ सय ७५ र राया गाउँका २ सय ५५ परीवारलाई प्रति घर दुई वटाका दरले साबुन वितरण गरिएको खार्पुनाथ गाउँपालिका-१ का अध्यक्ष मगुसिंह बुढाले बताउनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**